प्रधानमन्त्री

काठमाडौं, नेपाल

# शुभकामना

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड स्थापनाको सात वर्ष पुरा गरी आठौं वर्षमा प्रवेश गरेको अवसरमा कम्पनीसँग सम्वद्ध सबैलाई हार्दिक बधाई ज्ञापन गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु।

नेपालको आर्थिक वृद्धिदरमा बढोत्तरी ल्याई, स्थायी र दीगो बनाउँदै आर्थिक रुपान्तरणको प्रक्रियालाई तीव्र बनाउन सरकार प्रतिबद्ध रहेको छ। आर्थिक विकास रुपान्तरणको हाम्रो चाहनालाई मूर्तरूप दिन स्वदेशी पूँजीको संरक्षणमा आधारित आर्थिक विकास अनिवार्य हुन्छ। बर्तमान विश्व परिवेशमा बीमा व्यवसाय एक महत्वपूर्ण आर्थिक क्षेत्रको रुपमा स्थापित भइसकेको सन्दर्भमा वीमाले नेपालको अर्थतन्त्र, नेपालीहरुको दैनिक जीवन तथा आम व्यवसायमा पुऱ्याएको महत्वपूर्ण योगदानलाई थप प्रभावकारी बनाउन स्वदेशभित्र नै पुनर्वीमा गर्ने संस्कारको विकास हुनु पर्दछ । वीमा व्यवसायमा रहेका जोखिमको सुक्ष्म विश्लेषण गर्दै देशमा पुनर्बीमा व्यवसायको प्रबर्द्धनका लागि सरकार प्रतिवद्ध रहेको छ।

प्रत्येक नागरिकको बीमामा सहज पहुँच हुन नेपालका बीमकहरुलाई आवश्यक सहयोग गरी यस नेपाल पुनर्वीमा कम्पनी लिमिटेडले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने कुरामा म बिश्वस्त छु। साथै, नेपाल पुनर्बीमा कम्पनीले पुनर्वीमामार्फत विदेशीने धनराशीमा उल्लेख्य रुपमा कमी गर्नेछ र विदेशी मुद्रा आर्जन गर्न समेत सक्षम हुनेछ भन्ने विश्वास गर्दै आगामी दिनहरुमा कम्पनीलाई निरन्तर सफलता मिलोस् भन्ने शुभेच्छा प्रकट गर्दछु।

जय नेपाल।

कात्तिक, २०७८

शेरबहादुर देउवा